महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू/अध्यक्षज्यू,
नगर/गाउँ कार्यपालिकाको कार्यालय,

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चिततताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्याः

मितिः २०७५।१२।२०

श्री प्रमुखज्यू,
सभापोखरी गाउपालिका,
संखुवासभा ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट सभापोखरी गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

लेखापरीक्षकको जिम्मेवारी - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.६७ लाख ४६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.५ लाख ९८ हजार, नियमित गर्नुपर्ने रु.३८ लाख ६५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१९ लाख ३४ हजार र पेश्की रु.३ लाख ४९ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१० मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ ।लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।१० मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिकृया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम भएको व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना १६(सोह्र) यसैसाथ संलग्न छ ।

कैफियत सहितको लेखापरीक्षण राय - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदनस्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

सभापोखरीगाउपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७४।७५

परिचय : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । प्रदेश नं. १ मा अवस्थित यो गाउँपालिका अन्तर्गत ६ वडा, ३३ नगर सभा सदस्य, २२२.०८ वर्ग कि.मी.क्षेत्रफल र १०,४९२ जनसंख्या रहेको छ ।

स्थानीय सञ्चितकोष : आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

आयतर्फ				व्ययतर्फ			
सि.नं.	विवरण	रकम	रकम	सि.नं.	विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		**५६३४८१८.३९**	१	**राजस्व (आन्तरिक व्यय)**		
	क) बैंक	५६३४८१८.३९			क) आन्तरिक राजस्व		
२	**राजस्व (आन्तरिक आय)**		**१३६२९४६.००**		ग) अन्य आय		
	क) आन्तरिक राजस्व	८५७९४६.००		२	**वित्तीय हस्तान्तरण**		**१३२५३५७५३.७**
	ग) अन्य आय	५०५०००.००			क)वित्तीय समानीकरण अनुदान	७४११७२१०.८०	
३	**वित्तीय हस्तान्तरण**		**१८२१०८५४२.९**		ख) सशर्त अनुदान	५८४१८५४२.९०	
	क)वित्तीय समानीकरण अनुदान	१२३६९००००.००		३	**सामाजिक सुरक्षा**	१६२०५२००.००	**१६२०५२००.००**
	ख) सशर्त अनुदान	५८४१८५४२.९०		४	**एल.जि.सि.डि.पि.**		**९९१९७५.००**
४	**सामाजिक सुरक्षा**	१६२०५२००.००	**१६२०५२००.००**		चालु	३९१९७५.००	
५	**एल.जि.सि.डि.पि.**		**९९१९७५.००**		पुजिगत	६०००००.००	
	चालु	३९१९७५.००		५	**जि.स.स.बाट प्राप्त(पुल हेरालु)**	८४०००.००	**८४०००.००**
	पुजिगत	६०००००.००		६	**धरौटी फिर्ता**	६२७०००.००	**६२७०००.००**
६	**जि.स.स.बाट प्राप्त(पुल हेरालु)**	२०४०००.००	**२०४०००.००**	७	**मौज्दात**		**५६९९५५५३.५९**
७	**धरौटी आय**	**९३२०००.००**	**९३२०००.००**		क) बैंक मौज्दात	५६९९५५५३.५९	
	जम्मा	**२०७४३९४८२.२९**	**२०७४३९४८२.२९**		**जम्मा**	**२०७४३९४८२.२९**	**२०७४३९४८२.२९**

केन्द्रिय राजस्वतर्फः कारोबार नभएको

क.सं.	शीर्षक नं.	लगत हसबली समेत रु.	असुली रु.	दाखिला रु.	बाँकी रु.

दफा	लेखापरीक्षणबाट देखिएका व्यहोरा	रकम
१.	**घटी जिम्मेवारी:**पालिकाले गतवर्षको रु.६१,२६,,८१३।०१ शुरु मौज्दात सार्नुपर्नेमा रु.५६,३४,८१८।० सारेकोले घटी रु.४,९१,९९४।०० जिम्मेवारी सारेको बारे यकिन गरेको पाइएन ।	
२.	**अन्तिम मौजदात :** पालिकाको २०७५ असार मसान्तको श्रेस्ता अनुसार रु.५,६९,९५,५५३.५९ र बैंक अनुसार रु.५,७०,९६,०८३।५९ देखिदा रु.१००,५३०।००को फरक बैंक हिसाव मिलान गर्नुपर्छ ।	
३.	**बजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालीकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाको गाउँसभाले मिति २०७५।०७।१६ गते पश्चात विनियोजन विधेयक पारित गरेको देखियो ।	
४.	**स्थानीय संचित कोषतर्फ:**स्थानिय सरकार सञ्चालन ऐन ०७४ को दफा ७६ मा आय व्ययको लेखाप्रणाली, राजश्व र खर्च शीर्षकको वर्गिकरण सहितको स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । साथै कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति, अवधि समाप्त भएको १५ दिनभित्र कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने, आयव्ययको विवरण प्रत्येक महिनाको ७ गतेभित्र सार्वजनिक गर्नुपर्ने र सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी, संघीय, प्रदेश अर्थ मन्त्रालय र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनु पर्ने व्यवस्था छ । यो पालिकाले सञ्चित कोषको आयव्ययको चौमासिक शीर्षकगत विवरण लगायत चौमासिक प्रतिवेदन बैंक हिसाव भिडान गरी आयव्यय दुरुस्त गरेको पाइएन । लेखा अध्यावधिक नहुँदा खर्च र आय एकिन हुन सकिदैन । जनशक्तिको दक्षतामा कमी, पूर्वाधारमा कमी र प्रविधिकको न्यून ज्ञानले यी काम हुन नसकेको भनाई छ । लेखा र वितीय प्रणालीलाई पारदर्शि, उत्तरदायी जिम्मेवार बनाई आर्थिक अनुशासन कायम गराउन पूर्वाधार लगायत दक्षतामा सुधार गर्दै प्रविधिमा आधारित प्रतिवेदन प्रणाली अपनाउनु पर्दछ । साविक गाउ विकास समितिको कर्मचारी कल्याण कोष, खुल्ला दिशामुक्त कार्यक्रम (ग्रामिण सरसफाई कार्यक्रम ODF) कोष सञ्चालन र विगतको जिल्ला विकास समिति अन्तर्गत स्थानीय विकास कोष अन्तर्गत साविक गाउ विकास समितिमा हस्तान्तरण भएको विउ पुँजीकोषको हिसाव सञ्चित कोषमा नदेखिदा सो कोषलाई सञ्चित कोषको दायरामा ल्याई परिचालन गर्नुपर्ने देखिन्छ ।	
५.	**श्रोतअनुमान तथा वजेट सिमा:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम सभापोखरी गाउँपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकीकरण गरी कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो गरेको पाइएन ।	
६.	**स्थानीय तथ्यांक र अभिलेख**: स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउँपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन, अभिलेख र सोको व्यवस्थापन	

गर्नुपर्ने व्यवस्था छ । गाउँपालीकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदाअभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

७. **आय र व्ययको यथार्थता :** नेपालको संविधानको धारा २३० बमोजिम संविधानको अधीनमा रही गाउँ कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँसभा वा नगर सभामा पेश गरी स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले २०७४ कार्तिक १६ गतेको निर्णय अनुसार कार्यालयको बजेट प्रक्षेपण गरेकोमा वास्तविक आम्दानी तथा खर्चमा निम्नानुसार फरक परेको देखिन्छ । पालिकाले बजेट प्रक्षेपण गर्दा यथार्थ आय र व्ययसँग मिल्ने गरी प्रक्षेपण गर्न ध्यान दिनुपर्दछ ।

सि.नं	व्यहोरा	बजेट प्रक्षेपण	यर्थाथता	फरक रकम	फरक प्रतिशत	कैफियत
१.	आन्तरिक कर तथा आय	२६००००००.००	८५७९४६.००	१७४२०५४	६७.००	कम
२.	चालु खर्च	३५९२८४२०.००	२१२८८१८८.८	१४६४०२३१.२	४०.७४	कम
३.	पूजिगत खर्च	८०७८०११३.९०	५०४३५७८०.००	३०३४४३३३.९	३७.५६	कम
४.	शसर्त अनुदान खर्च	५५३९००००.००	५८४१८५४२.९०	३०२८५४२.९	५.४६	बढी
५.	सामाजिक सुरक्षा	१६५०००००.००	१६२०५२००.००	२९४८००	१.७८	कम
	जम्मा	**२०५९९८५३३.९**	**१४७२०५६५७.७**	**५८७९२८७६.२**		

८. **आन्तरिक नियन्त्रण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियम संगत, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रर्णालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

- पालिकाले तोकिए बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन ।
- सामाजिक सुरक्षा कार्यक्रमको अभिलेख अद्यावधिक र विश्वसनीय रुपमा राखेको छैन ।
- समायोजन भई आएका साविकका गा.वि.स. र विषयगत कार्यालयबाट हस्तान्तरण भई आएका जिन्सीको अवस्था देखिने गरी विवरण तयार गरेको छैन ।
- मूल जिन्सी खातामा सबै जिन्सी सामानको आम्दानी नजनाई वडागत रुपमा जिन्सी खाता तयार गरेबाट जिन्सी सामान एकिन गर्न तथा अभिलेख राख्न कठिन हुने देखिएको ।
- आर्थिक कारोबारहरु मूल्य अभिवृद्धि कर बेगरका फर्मसँग गरेको ।
- पालिका क्षेत्र भित्र कोष प्रमाणित तथा भ्रमण प्रतिवेदन बेगर अनुगमन तथा दैनिक भ्रमण भत्ता खर्च लेख्ने गरेको ।
- स्थानीय तहका पदाधिकारीका लागि पारिश्रमिकको व्यवस्था भई सकेको अवस्थामा गाउँसभा, गाउँ कार्यपालिका, वडा समिति लगायतका बैठकका लागि भत्ता वापत खर्च लेख्ने गरेको ।
- साना योजनाको छनौट र संचालनबाट योजनाको प्रशासनिक खर्चमा वृद्धि भई मितव्ययीता कायम हुन सक्ने नदेखिएको ।
- अधिकतम् लाभ र प्रतिफल प्राप्त हुने गरी योजनाको प्राथमिकीकरण र संचालनमा पर्याप्त ध्यान नदिएको ।
- दरबन्दी अनुसार पदपूर्ती नहुँदा सेवा प्रवाहमा नकारात्मक असर परेको ।
- वार्षिक खरिद योजना तथा खरिद गुरु योजना तयार गरि खरिद गर्नुपर्नेमा सो गरेको

देखिएन ।

- खरिद इकाई गठन नगरेको
- सवारी साधन मर्मत अभिलेख म.ले.प. फाराम नं .२ र सवारी लगबुक राखेको पाइएन ।
- आलेप प्रतिवेदन कार्यान्वयन एवं वेरुजु फछ्र्यौट नभएको
- अनुगमन प्रतिवेदन पेश नभएको
- प्रगति विवरण तयार नगरेको, कन्टिनजेन्सी अभिलेख नराखेको
- कार्यालय आयोजनाले उद्देश्य प्राप्तिमा आइपनें सम्भावित जोखिमहरु पहिचान नगरेको

आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी र विश्वसनीय बनाई योजना तथा कार्यक्रम संचालनमा मितव्ययीता अपनाउँदै सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान केन्द्रीत गर्नुपर्ने देखिएको छ ।

९. **सिफारिस तथा घटना दर्ता :** पालिका र अन्तर्गतका वडाबाट सम्पादन भएका सिफारिस तथा घटना दर्ताको स्थिति देहाय बमोजिम छ । गाउँपालिकाले ऐन अनुसार उक्त कार्य मात्र गरेको देखिएकोले ऐन बमोजिम तोकिएको अन्य कार्य समेत गरी सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ ।

क्र.स.	विवरण	सिफारिस संख्या	कैफियत
१.	नागरिकता सिफारिस	३९१	
२.	नाता प्रमाणित	५८	वडा नं.३ र ४ को विवरण प्राप्त नभएको
३.	जन्म दर्ता ,	५८८	
४.	मृत्यु दर्ता	७४	
५.	विवाह दर्ता	१४८	
६.	सम्बन्ध विच्छेद	०	
७.	बसाइसराई	७०	
८.	चारकिल्ला सिफारिस	३१	वडा नं.३ र ४ को विवरण प्राप्त नभएको
९.	अन्य सिफारिस	१३५३	
जम्मा		**२७१३**	

१०. **दरबन्दी पदपूर्तिस्थिति** : स्थानीय सरकार सञ्चालन ऐन तथा सेवा प्रवाहको लागि कर्मचारी समायोजन ऐन २०७४ बमोजिम कर्मचारी समयोजन नभएसम्म, कर्मचारकिो व्यवस्था गर्न र सेवा प्रवाहको लागि सरकारी सेवाका कर्मचारीलाई कामकाजमा खटाउनको लागि तथा गाउँपालिककोा कार्य जिम्मेवारिता परेका विषयमा नेपाल सरकारका निकायमा सम्पत्ति, दायित्व समेत गाउँपालिकामा हस्तान्तरण गर्न नेपाल सरकार मन्त्री परिषद्को मिति २०७४।१२।१८ को निर्णयबाट स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था २०७४ स्वीकृत भएको छ । गाउँपालिकामा २७जनाको दरवन्दी स्वीकृत भएकोमा हाल २० मात्र पदपूर्ति भएको छ । यस गाउँपालिका अर्न्तगत ६ वडा रहेको वडा सचिव समेत कृषि, भेटनरी जस्ता प्राविधिक बाट सञ्चालन भएको देखियो । गाउँपालिका स्थापना भएको दुई आर्थिक वर्ष वितिसकेको भएता पनि कर्मचारीको व्यवस्था गर्न नसक्नु र कर्मचारी समायोजनमा सरकार सार्थक गतिको अभावको अवस्था हुँदा पालिकाको कार्य जिम्मेवारीमा परेका विषयहरु स्थानीय तहले प्रभावकारी रुपमा पुरा गर्न सक्ने अवस्था देखिदैन । अतः सम्बन्धित निकायले पालिका कार्य क्षेत्रभित्र जिम्मेवारीतामा परेका विषय र तोकिएको दरबन्दी अनुसारको पदपूर्ति गरी स्थानीय सेवा प्रवाह तथा विकासका कार्यलाई प्रभावकारी बनाउन समयमै ध्यान दिनु पर्ने देखियो ।

क्र.सं	स्वीकृत पद	दरवन्दी	पदपूर्ति	रिक्त
१.	शाखा अधिकृत (कार्यकारी अधिकृत)	१	१	-
२.	ईन्जिनियर सिभिल	१	१	-
३.	प्रशासन सहायक- ना.सु	१	१	-
४.	लेखापाल	१	१	-

५.	सव-ईन्जिनियर /अ.स.ई	२	२	-
६.	कम्प्युटर अपरेटर	१	०	१
७.	कार्यालय सहयोगी	२	२	-
८.	वडा सचिव/खरिदार	६	३	३
९.	प्रशासन सहायक	६	३	३
१०.	कास	६	६	-
	जम्मा	**२७**	**२०**	**७**

११. **कानुन निर्माण र कार्यान्वयन** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले देहायको कानून निर्माण गरी कार्यान्वयन हुन बाँकी अवस्था रहेको पाइयो।

क.स.	**कानूनको नाम**
१.	आदेश र अधिकार पत्र प्रमाणिकरण कार्यविधि नियमावली २०७४
२.	वैठक सञ्चालन सम्वन्धी कार्यविधि २०७४
३.	गाउँसभा सञ्चालन कार्यविधी २०७४
४.	गाउँ कार्यपालिका कार्य सम्पादन नियमावली २०७४
५.	पदाधिकारी आचारसंहिता २०७४
६.	आर्थिक कार्यसञ्चालन कार्यविधि २०७४

आन्तरिक आयतर्फ :

१२. **आन्तरिक आय :** मिति २०७४।७।१६ को गाउँ सभा वैठकले आन्तरिक आय रु.२६०००००.०० प्राप्त गर्ने अनुमान गरेकोमा पालिकाले वर्ष भरी रु.८,५७,९४६।०० मात्र आन्तरिक आय आर्जन गरेको देखियो । यो अनुमानित आयको३३ प्रतिशत मात्र संकलन भएको देखियो । वित्तीय आयोग, प्रदेश तह र स्थानीय तहबीच रकम बाँडफाँडको सम्झौता तथा सम्झदारी भैनसकेको अवस्थामा राजस्व प्राप्त हुने अनुमान, बजेट प्रक्षेपण यथार्थपरक देखिएन । पालिकाले आन्तरीक श्रोतबाट आय बढाउने तर्फ ध्यान दिनुपर्दछ ।

१३. **स्रेस्ता :** आर्थिक कार्यविधि ऐन, २०५५ को दफा १२ मा राजस्व संकलन, दाखिला र राजस्व स्रेस्ता सम्बन्धमा उल्लेख छ । जस अनुसार राजस्व स्रेस्ता खडा गर्ने सम्बन्धमा नेपाल सरकारको सिफारिशमा महालेखापरीक्षबाट विभिन्न फाराम तथा खाताहरुको व्यवस्था भएका छन् । राजस्व आर्जन गर्ने हरेक निकायले उल्लेखित फारम तथा खाताहरुको प्रयोग गरी राजस्व स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । पालिकाले मालपोत दस्तुर, पञ्जीकरण शुल्क, विभिन्न किसिमका सिफारिश समेतबाट रु. ८,५७,९४६।०० राजस्व आर्जन गर्दा आम्दानी रसिद नियन्त्रण खाता, आम्दानी रसिदको प्रविष्टि गर्नका लागि प्रयोग गरिने दैनिक आम्दानी खाता (म.ले.प.फा.न.१०८), राजस्वको बैंक नगदी किताब(म.ले.प.फा.न.२३)लगायतका खाता तथा विवरण राखेको पाइएन । अतः उल्लेखित खाता तथा विवरण राखी राजस्व स्रेस्ता अद्यावधिक गर्नुका साथै संकल्न भएको राजश्व समयमा नै दाखिला गर्नुपर्दछ ।

गा.पा. चालुतर्फ :

१४. **पदाधिकारी सुविधा :** गाउँ तथा नगरसभाको सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ को अनुसूची १क बमोजिम गाउँपालिकाको देहायको पदाधिकारीले देहायको सुविधा पाउने व्यवस्था छ । प्रदेशले २०७५।२।१९ मा बनाएको कानूनले २०७४।४।१ देखि खर्च लेखेको उपयुक्त होइन ।

सि.नं.	सुविधाको प्रकार	इकाई	अध्यक्ष १	उपाध्यक्ष १	वडाअध्यक्ष ६	गा.पा. सदस्य ६	वडा सदस्य १९
१.	मोवाइल टेलिफोन मासिक	रु.	२५००	२५००	२०००	१०००	१०००
२.	खाना मासिक	रु.	४०००	३०००	१०००	०	०
३.	पत्रपत्रिका मासिक	रु.	३०००	२५००	१५००	१५००	५००
४.	अनुगमन भत्ता मासिक	रु.	६०००	४५००	१५००	०	१०००
५.	पानी, विजुली मासिक	रु.	१५००	१०००	१०००	०	०
६.	सरसफाई मासिक	रु.	२०००	२०००	०	०	०
७.	अतिथी सत्कार	रु.	२०००	२०००	१०००	०	०
८.	यातायात मासिक	रु.	७०००	५०००	२०००	२०००	१०००
९.	जम्मा	रु.	२८०००	२२५००	१००००	४५००	३५००
१०	२०७४/०७५ मा	रु	३३६०००	२७००००	१२००००	५४०००	४२०००
११	२०७४/०७५ मा ३३ जनाका वैठक	रु.	२९३२६	२२६१०	१३७७००	१३७७००	४२७५०

कूल पदाधिकारी सुविधा २२,४८,०००।- लेखेकोमा प्रदेश कानून आउनुभन्दा अघिको रु. २०,४०,०००।- खर्च लेख्नु उपयुक्त र औचित्यपूर्ण देखिएन । माथि उल्लेखित सुविधा लिएपछि अन्य दैनिक भत्ता र अनुगमन लगायतको सुविधा लिन नपाउने हुँदा लिएको भए एकीन गरी असूल उपरको कारवाही गर्नुपर्दछ ।

१५. **कर्मचारी थप सुविधा :-** प्रमुख प्रशासकिय अधिकृत, लेखापाल र वडासचिव, प्राविधिक र योजना शाखामा कार्यरत कर्मचारीलाई क्रमशः मासिक रु. ५०००।- र अन्य सबैलाई प्रतिव्यक्ति प्रति महिना २०००।- को दरले जम्मा १० जना कर्मचारीको लागि वार्षिक रु.२,७६,०००।- भुक्तानी गरेको पाइयो । विकास आयोजनालाई प्राथमिकता दिई स्रोत परिचालन गर्नुपर्नेमा निर्णय गरी सुविधा दिनु उपयुक्त होइन ।

१६. **पदाधिकारी सुविधा :-**गाउँ कार्यपालिकाको निर्णयमा अध्यक्षलाई मासिक रु. २५,०००।- उपाध्यक्षलाई रु. २०,०००।- र वडाध्यक्षलाई रु. १५,०००।- को दरले भत्ता सुविधा दिने उल्लेख छ । आफू समावेश हुने निर्णयमा आफै सहभागी हुदाँनिहित स्वार्थ हुने संभावना हुँदा यसतर्फ सजगता अपनाउनु पर्ने देखिन्छ ।

१७. **परामर्श खर्चः-** आर्थिक कार्यविधि नियमावली २०६४ नियम ३६ मा खर्च गर्दा खर्चको विल भरपाई सहितको स्रेस्ता राख्नुपर्ने व्यवस्था छ । पालिका गरेका देहायका भुक्तानीहरुलाई प्रमाणित गर्ने सीप सिकाईको प्रमाण र प्रतिवेदन पेश नभएको रु. १६,५३,५७।-

गो.भौ.नं.	मिति	रकम	काम	संस्थाको नाम
२२६	२०७५/२/२३	३४९१७०	विपत मर्मत र कल्याणकोष सञ्चालन	नेपाल केरियर ट्रेनिङ काउण्डेशन
		३०५२८३	योजना छनौट प्राथमिकता र बजेट निर्माण	हेभन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर
२५७	२०७५/३/१२	४९९७९९	१९ जना तालिम ९० घण्टे तालिम	कम्प्युटर होम एण्ड आपूर्ति
२७४	२०७५/३/२३	४९९३१८	३१ जना कम्प्युटर आधारभूत	न्यू कम्प्युटर होम एण्ड सप्लार्यस
जम्मा		**१६५३५७०/-**		

<table>
<tr><td>१७.१</td><td>नेपाल केरियर ट्रेनिङ्ग फाउण्डेशनबाट विभिन्न कार्यविधि र निर्देशिका कल्याणकोष निर्देशिका बनाएको रु. ३,४९,१७०।- भुक्तानी गरेको पाईयो । कार्यविधि निर्देशिका बनाउने जनशक्ति विज्ञताको परिचालन लगत नराखी नेपाल सरकारको नमूना कानूनलाई छलफल गराएको आधारमा रु. ३४९१७०।- भुक्तानी गर्नु उपयुक्त र उचित नदेखिएको रु.</td><td>३,४९,१७०।-</td></tr>
<tr><td>१७.२</td><td>न्यू कम्प्युटर होम एण्ड सप्लार्यस खाँदबारीबाट पदाधिकारी कम्प्युटर तालिम ९० घण्टाको १९ जना प्रतिव्यक्ति रु. २३,२७८।९५ मूल्य अभिवृद्धि कर वाहेक दिएकोमा सोही कम्प्युटर आधारभूत तालिम मध्ये मिति २०७४।३।२३ मा प्रतिव्यक्ति रु.१४२५४।- का दरले ३१ जनाको रु. ४,४१,८४७- मुल्य अभिवृद्धि कर वाहेक भुक्तानी दिएकाले १९ जना पदाधिकारीलाई बढी रु. ९०२४।९५ प्रतिव्यक्तिको दरले हुने १९ जनाको १७१४७४।- बढी भुक्तानी गरेको देखिदा सो रकम असूल हुनुपर्ने रु .</td><td>१७१४७४।-</td></tr>
<tr><td>१८.</td><td>अनियन्त्रित विविध खर्च : स्थानीय सरकार सञ्चालन २०५५ को दफा बमोजिम परिषदले वार्षिक बजेट तथा कार्यक्रम तयार गरी विविध खर्च गर्नुपर्ने प्रावधान छ । बढ्दो र अनियन्त्रित विविध खर्च नियन्त्रण गरी आर्थिक प्रशासन जिम्मेवार वनाउनु पर्दछ । बजेट सीमा र समयगत खर्चको सीमा वेगर विविध खर्च लेखेको पाउने देखिएन ।
<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>रकम</th><th>वडा नं.</th><th>लिने</th></tr>
<tr><td>१३</td><td>२०७४/६/२०</td><td>४२,९००/-</td><td>६</td><td>वडाध्यक्ष विकास पौडेल</td></tr>
<tr><td>१८</td><td>२०७४/६/२०</td><td>५८७४०/-</td><td>१</td><td>अध्यक्ष रत्न बहादुर सुब्वा</td></tr>
<tr><td>३५</td><td>२०७४/७/२३</td><td>३०,०००/-</td><td>६</td><td>वडाध्यक्ष विकास पौडेल</td></tr>
<tr><td>४२</td><td>२०७४/७/३०</td><td>२९२६०/-</td><td>४</td><td>हिमानी राई</td></tr>
<tr><td>४३</td><td>२०७४/७/३०</td><td>३७४००/-</td><td>३</td><td>दिल बहादुर तामाङ्ग</td></tr>
<tr><td>४९</td><td>२०७४/८/२३</td><td>७६७३५/-</td><td>१,२</td><td>मनिसुन्दर राई</td></tr>
<tr><td>५०</td><td>२०७४/८/३</td><td>३२०७१/-</td><td>५</td><td>याम वहादुर सुब्वा</td></tr>
<tr><td>१६</td><td>२०७४/६/३०</td><td>२७२५०/-</td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३,३४,३५५/-</td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१९.</td><td>नपाउने अनुगमन खर्च :- गाउँ तथा नगरसभाको पदाधिकारीहरुको सुविधा सम्वन्धी ऐन, २०५५ ले पदाधिकारीलाई मासिक अनुगमन खर्च भुक्तानी गरेको अवस्थामा देहाय बमोजिम दोहोरो खर्च लेखेको पाउने नदेखिदा असूल गर्नुपर्ने अनुगमन खर्च रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>मिति</th><th>खर्च</th><th>पद</th><th>नाम</th></tr>
<tr><td>१३</td><td>२०७४/६/३०</td><td>१२०००.००</td><td>वडाध्यक्ष</td><td>विकास राई</td></tr>
<tr><td>१७</td><td>२०७४/६/२०</td><td>२३९००.००</td><td>अध्यक्ष</td><td>रत्न बहादुर सुब्वा</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३५९००.००</td><td></td><td></td></tr>
</table></td><td>३५,९००।-</td></tr>
<tr><td>२०.</td><td>भारी उपकरण उपयोग :- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम (९) मा जटिल प्रगतिको कार्यम प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई मेसिन प्रयोग गर्न सकिनेछ भन्ने व्यवस्था छ । पालिकाले सडक निर्माण र स्तरोन्नतिमा उपभोक्ता समितिमार्फत भारी उपकरण प्रयोग गर्दा सार्वजनिक निकायको सहमति नलिई कार्य गराएको पाइयो । उपभोक्ताले प्रयोग गरेको भारी उपकरण निकायको पदाधिकारी कुनैपनि तबरबाट स्वार्थ वाँभिने गरी काममा संलग्नता नभएको प्रमाण नहुँदा उपयोग भएको भारी उपकरणको परीपालना घण्टाको लगसिट र खनिज तेल खपतको विल नहुँदा जिल्ला दररेटको आधारमा परिमाणको आधारमा निर्माण व्यवसायीबाट काम भएको विलको मूल्याङ्कन हुँदा उपभोक्ताको सहभागिता देखिदैन । यसरी काम भएका केही योजनाहरु देहाय छन् ।</td><td></td></tr>
</table>

सि.नं.	योजनाको नाम	ईकाई	नरम माटो	मिडियम माटो	कडा चट्टान	कडा चट्टान चिजलिङ्ग
१.	लादु खिवारिङ वडा नं.४ मूल्य अभिवृद्धि कर रु. ४४२९१०।-	घन मिटर	१२२०७	२२८१.१९	१५८८.६१	११६३.९५
२.	स्वाती कोचवाङ अपुङ	घन मिटर	२८८५३	१९८७.२६	१७४७	१२०२
३.	दानावारी मितल ज्यामीरे सडक	घन मिटर	१३०९७	०	०	०
४.	आहाले हरेलो सडक निर्माण	घन मिटर	९७६९.८३	१७९९.४१	०	०
५.	छुनेढुङ्गा देउराली सडक	घन मिटर	६८६०.६२	६६६.२९	३६८	२६३.८
६.	बाह्रविसे खिलिङ पावा सडक	घन मिटर	१७६७०.७	१३७१.६३	१६०५.८५	७५७.९७
जम्मा			**८८४५८.१५**	**८१०५.७८**	**५३०९.४६**	**३३८७.७२**
प्रतिघन मिटर दर			**७०**	**१४०**	**५७०**	**१०००**
कूल जमिनको काम			**६१९२०७०.५०**	**११,३४,८०९.२०**	**३,०२८१०२**	**३३,८७,७२०**

माथी उल्लेखित योजनामा डोजारबाट भएको काममा नरम माटो, ढुङ्गा, कडा ढुङ्गा र धेरैकडा ढुङ्गा छिनाले फोर्ने कामको परिमाण निर्धारण गर्ने आधार नहुँदा कडा ढुङ्गा चिजलिङ सहितको परिमाण एकीन गर्ने वैज्ञानिक आधारमा नहुँदा प्राविधिकको न्यायोचित न्यायमा भर परेकोले नीति र सहित प्रयोगशालामा प्रमाणित गरी आधार लिनुपर्ने देखिन्छ । कूल १०२२६४.११ घनमिटरको रु. १३७४२७०१।- ६ वटा ठूला योजनामा भारी उपकरणबाट गरेको जमिनको कामको नरम माटो, मिडियम माटो कडा चट्टान चिजलिङ छुट्याउने आधार वेगर प्राविधिककोस्वन्यायमा आधारित मूल्याङ्कन गरेवाट मूल्याङ्कन सही मान्ने आधार रहेन। बढी भुक्तानी दानावारी वितलब ज्यामिरे सडकको मूल्याङ्कन रु. ११६३५५४।- हुदा रु. १२ लाख अनुदान दिएकाले मूल्याङ्कनको १०% ले हुने ११६३५५.४ को जनश्रमदान र मूल्याङ्कन भन्दा बढी रु. ३६४४६।- समेत रु. १५२८०४।- बढी असूल गर्नुपर्ने रु. १५२८०४।-

सामाजिक सुरक्षातर्फ :

२१. पालिकले यो बर्ष जेष्ठनागरिक, एकल तथा विधवा महिला, अपांग र वालवालिकाहरुलाई सामाजिक सुरक्षा वापत रु १,६२,०५,२००।०० वितरण गरेको विवरण प्राप्त छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

(क) सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि २०७२ मा उल्लेख गरे अनुसार प्रत्येक स्थानीय तहले भत्ता पाउने लाभग्राहीहरुको फोटो सहितको मूल अभिलेख बमोजिम वितरण गरेको सामाजिक सुरक्षा रकमको प्रथम, दाश्रो, र तेस्रो किस्ता तोकिएको समयमा एम आइ एस मा प्रविष्ट गर्नुपर्नेमा प्रविष्ट गरेको देखिएन ।

(ख) सम्वन्धित वडा कार्यालय मार्फत प्रथम किस्ता, दोस्रो किस्ता र तेस्रो किस्ता क्रमशः असोज १ गतेबाट दोस्रो हप्ताभित्र, माघ १ गतेबाट दोस्रो हप्ताभित्र र जेठ १ गतेबाट दोस्रो हप्ताभित्र वितरण गरिसक्नु पर्ने कार्यविधिले निर्देश गरे पनि कार्यालयले वितरणको लागि २०७४।७।१२, २०७५।१।३०, र २०७५।३।१३ मा प्रथम, दोश्रो, र तेस्रो पेश्की लिएको देखिएकोले तोकिएको समय भित्र सामाजिक सुरक्षा रकम वितरण गरेको पाइएन ।

२२. (ग) वडा नं ५ को भत्ता वितरणको भर्पाइ परीक्षण गर्दा लाभग्राहीहरुको फोटोसहितको दर्ता मूल अभिलेखमा नभएका र मूल अभिलेखमा उल्लेखित जन्म मिति अनुसार भत्ता पाउने उमेर नपुगेका केही व्यक्तिहरुलाई सामाजिक सुरक्षा रकम वितरण गरेको भरपाई देखिएकोले देहायअनुसारको वितरित रु १६८०००।०० असूल हुनु पर्दछ । साथै यस्तो अवस्था अन्य वडाहरुमा पनि हुन सक्ने हुँदा कार्यालयले यकिन गरी दाखिला गराउने तर्फ पहल गर्नु पर्दछ ।

क्र.सं	लाभग्राहीको नाम	विवरण	वितरित रकम
१	आसमाया लिम्वु	जन्म मिति २००४।१०।२ भएकोले ०७४ माघ देखि मात्र उमेर पुग्ने तर साउन देखि नै भत्ता दिएको	१२०००.००
२	आसमाया लिम्वु	जन्म मिति २००४।५।१० भएकोले ०७४ भाद्र देखि मात्र उमेर पुग्ने तर साउन देखि नै भत्ता दिएका	२०००.००
३	आसमाया लिम्वु	जन्म मिति २००४।९।१२ भएकोले ०७४ पुस देखि मात्र उमेर पुग्ने तर साउन देखि नै भत्ता दिएका	१००००.००
४	निरव बहादुर लिम्वु	मूल अभिलेखमा नाम नरहेको	२४०००.००
५	मोजाहाङ लिम्वु	मूल अभिलेखमा नाम नरहेका	२४०००.००
६	हर्कबहादुर लिम्वु	मूल अभिलेखमा नाम नरहेका	२४०००.००
७	आसमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
८	कुलमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
९	जसमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
१०	धनमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
११	नरमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
१२	हर्कमाया लिम्वु	मूल अभिलेखमा नाम नरहेका	१२०००.००
		जम्मा	**१६८०००.००**

१६८०००.००

सशर्त अनुदान - शिक्षातर्फ

२३. **शिक्षक विद्यार्थी अनुपात :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार आफ्नो क्षेत्रभित्रका विद्यालयहरुको अनुगमन तथा व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहको रहने उल्लेख छ । विद्यालयहरुको प्राप्त तथ्यांकमा विद्यार्थी शिक्षक देहाय अनुपात रहेको देखियो ।

विद्यालय	विद्यार्थी संख्या	शिक्षक संख्या	शिक्षक विधार्थी अनुपात
श्री जनज्योती मा.वि. धुपु	४९३	११	१/४५
श्री हिम मा.वि. स्वाची	१९५	९	१/२२
श्री शारदा मा.वि. बितलव	१४७	८	१/१८
श्री त्रिवेनी मा. वि. बाह्रविसे	७१०	१०	१/७१
श्री जनता आ.वि. तल्लो धुपु	४९	३	१/१६
श्री जनजागृति आ.वि माथिल्लो धुपु	५०	३	१/१७
श्री मंगला आ.वि. गोठगाँउ	२६	३	१/९
श्री जनहित आ.वि.नोक्लुङ	२४	३	१/८
श्री सिद्धीढुंगा आ.वि.देउराली	१३	१	१/१३
श्री कालिका आ.वि. सनेम	८	१	१/८
श्री सरस्वती आ. वि. लुकिम्वा	४	१	१/४

उपरोक्तानुसार विवरणबाट जन्ज्योती मा.वि. धुपुमा १:४५, त्रिवेणी मा.वि. बितलवमा १:७१ र कालिका आ.वि. सनेममा १:८ तथा सरस्वती आ.वि. लुकिम्वामा १:४ शिक्षक विद्यार्थी अनुपात रहेको देखिएको हुँदा शिक्षक विद्यार्थी अनुपात मिलेको देखिएन । यसतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

२४.	**अभिलेख व्यवस्थापन :** विद्यालय क्षेत्र पूर्वाधार विकास, आधारभूत तह शिक्षक तलब भत्ता र मा.वि. तह शिक्षक तलब र सुविधामा रु ५,०४,३७,५६०।९० खर्च भएको विवरण प्राप्त भएको छ । नयाँ नियुक्ति, सरुवा भइ आउने तथा रमाना हुने र अवकाश हुने शिक्षकहरुको व्यवस्थित अभिलेखकोअभावले तलब निकासाको यर्थाथता एकिन गर्न सकिएन ।	
२५.	**बढी तलब निकासा :**कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४।७५ अनुसार दरवन्दीमा रहेका शिक्षकलाई कार्यालयले चौमासिक रुपमा तलव सुविधा निकासा दिने व्यवस्था छ । पालिकाले मिति २०७४।५।२६ मा अरुणोदय माध्यमिक विद्यालय, अरुण-४,चरम्बी, भोजपुरबाट सरुवा भइ श्री त्रिवेणी माध्यमिक विद्यालय, सभापोखरी-६, बाह्रविसे, संखुवासभा मा रमाना भएका तृतिय श्रेणीका शिक्षक श्री सोमनाथ गौतमको रमाना पत्रमा आ.व. २०७४।७५ को प्रथम चौमासिकको तलब भत्ता अरुणोदय मा. वि. भोजपुरबाट माग भइसकेको तर भुक्तानी भइनसकेको उल्लेख छ । निज शिक्षकको रमाना पत्रमा उल्लेख भएबमोजिम साविक विद्यालयमा निकासा भएको हुने देखियो । हाल कार्यरत विद्यायलयबाट समेत सो अवधीको छुट तलब भनि रु. १८०,४८३।६० माग भइ निकासा भएकोले साविका विद्यालयबाट निकासा भएको यकिन गरी सोको प्रमाण पेश गर्ने अन्यथा असूल गर्नुपर्ने रु.	१,८०,४८३.६
	सशर्त अनुदान - स्वास्थ्य सर्शत तर्फ	
२६.	**कार्यक्रम संचालन तथा सेवा प्रभाव :** पालिकाले स्वास्थ्य सेवाका लागि स्वीकृत गरेको वार्षिक कार्यक्रम अनुसार कार्यक्रम संचालन गरी लक्ष्य अनुसार अपेक्षित प्रगति हासिल गर्नुपर्दछ गाउँपालिकाको वैठकबाट आवश्यकताको आधारमा स्वीकृत भएका निम्नानुसार कार्यक्रम अनुसारको कार्य संचालन गरी स्वास्थ्य सेवा पुऱ्याउनु पर्नेमा यो वर्ष स्वीकृत भएका ४४ कार्यक्रममध्ये २४ वटा कार्यक्रम संचालन गरेको पाइएन । स्वास्थ्य सेवा संचालन गर्ने जनशक्तिको अभावका कारण कार्यक्रम संचालन नभएको र एकै व्यक्तिले विभिन्न क्षेत्रको कार्यक्रम संचालन गरेको देखियो । एकै व्यक्तिमा सेवा प्रभावकारी नहुने तथा तोकिएको कार्यक्रम नै संचालन नगर्दा स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा ग्रामीण जनताले उचित सेवा प्राप्त नगर्ने हुँदा पालिकाले विशेष ध्यान पुऱ्याउनपर्ने देखियो ।स्वास्थ्य शाखाले देहाय अनुसारका स्वीकृत स्वास्थ्य सम्बन्धि मुख्य कार्यक्रमहरु सञ्चालन गरेको पाईन :	

सि.नं.	विवरण	बजेट
१.	स्वास्थ्य शिक्षा सामग्री, स्वास्थ्य प्रवर्द्धन, छापा संचार संदेश कार्यक्रम	१४,०००.००
२.	VPमार्फत परिवार नियोजनको Onsite Coaching Program	२०००००.००
३.	पोषण सम्बन्धी कार्यक्रम	४२०००.००
४.	FP satisfied Client Interaction Program and Follow up	१००००.००
५.	स्टाफ नर्स र अनमीहरुलाई क्लिनिक अपडेट	२००००.००
६.	लामो अवधीको लागि सेटलाइट सेवा	८२०००.००
७.	सुरक्षित प्रसुती सेवाका लागि EOC Monitoring	२००००.००

२७.	**न्यानो झोला वितरण :** गाउँपालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रमबाट प्रेस्टीज मेडिसेल्स, काठमाडौंबाट २०७४।१०।१९ मा ९० वटा न्यानो झोला रु. १०००।०० का दरले रु.९०,०००।०० मा खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देश गरे वमोजिमको स्पेशिफिकेशन अनुसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोलाले गुणस्तरप्रमाणिकरण गरेको देखिएन । न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा पालिकाको आ.व. ०७३।७४ को मौज्दात ३८ वटा र यस वर्षको ९० वटा खरिद गरी जम्मा १२८ वटा मध्ये ४९ वटा वितरण गरी ७९ वटा मौज्दात राखेको पाइयो । तसर्थ निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरयुक्त झोलाको आवश्यकता र माग यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई वितरण गर्नुपर्दछ ।	

२८.	**अभिलेख व्यवस्थापन :** स्थानीय तहमा स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि मार्गदर्शन, २०७४।७५ मा स्थानीय तहबाट सञ्चालन भएका स्वास्थ्य कार्यक्रमको स्पष्ट रुपमा अभिलेख राखि प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ ।सञ्चालन गरेका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेख तथा प्रगति प्रतिवेदन पूर्ण रुपमा नराखेकोले समयमा प्रतिवेदन पेश गर्नुका साथै अभिलेख व्यवस्थापन तिर ध्यान दिनुपर्ने देखियो ।	
२९.	**औषधि खरिद एवं भण्डारण :** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका बमोजिम कार्यालयले खरिद गरेका औषधीहरुको म्याद कम्तीमा १८ महिना हुनुपर्ने उल्लेख गर्नुपर्दछ । कार्यालयले यस वर्ष रु. ४ लाख ५५ हजारमा खरिद गरेको छ । औषधी खरिदमा सम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार रहेका छन : ● स्टोर दाखिला गर्दा प्रत्येक औषधीको Manufacture Date , Expiry Date , Batch no, Manufacture Companyखुलाई दाखिला गर्नुपर्नेमा सो गरेको पाइएन ● आपूर्तिकर्ताबाट आपूर्ति औषधी वा अन्य सामानको वाहिर Manufacture Date , Expiry Date , Batch no, Manufacture Companyको नाम र नेपाल सरकारबाट निशुल्क वितरणको लागि भनि वाक्यांश उल्लेख गर्नु पर्नेमा सो गरेको पाइएन ● आपूर्तिकर्ता बाट खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीको Expiry dateस्टोर दाखिला समय सम्म कम्तिमा १८ महिना वाँकी हुनु पर्दछ । तर कुनै औषधी १८ महिना भन्दा कम भएका expiry date हुने भएमा उक्त अवधिको ७५ प्रतिशत म्याद वाँकी भएको हुनु पर्नेमा केही औषधीहरुको expiry date विलमा वा लिष्टमा उल्लेख नगरेकोकार्यालयले खरिद भएका औषधीको म्याद चेक जाँच गरी निर्देशिका बमोजिम भण्डारण एवं दाखिला गर्नुपर्दछ ।	
	सशर्त अनुदान - कृषिसेवातर्फ :	
३०.	कृषि सेवातर्फ तलब सुविधा रु ६०८०००।०० र कार्यक्रममा रु ७२२७२५।०० खर्च भएको आर्थिक विवरण तथा श्रेस्ताबाट देखिन्छ । कार्यक्रममा मेशीनरी औजार खरिद तथा वितरण, मिनी किट वितरण, प्लाष्टिक टनेल वितरण जस्ता कार्य सञ्चालन गरेकोमा कृषकलाई परेको प्रभावको अनुगमन प्रतिवेदन र प्रगति समिक्षा गरेको देखिएन । कार्यक्रमहरुको प्रगतिबारे समिक्षा भएको हुनुपर्दछ ।	
	सशर्त अनुदान - पशुसेवातर्फ :	
३१.	पशुसेवा कार्यक्रममा रु ५५३३५०।०० खर्च भएको विवरण पेश भएको छ । बोका, बंगुर खरिद तथा वितरण, औषधी वितरण, पकेट प्याकेज स्थानीयस्तर तालिम, अन्तरक्रिया गोष्ठी र अनुगमन मूल्यांकन जस्ता कार्यक्रम गरेपछि सोको प्रभाव र असरबारे अनुगमन प्रतिवेदन र प्रगति समिक्षा गरेको देखिएन । सञ्चालित कार्यक्रमहरुको प्रगतिबारे समिक्षा भएको हुनुपर्दछ ।	
३२.	जन प्रतिनिधिहरु नीति निर्माण र योजनाहरुको अनुगमन मूल्यांकनमा केन्द्रित रहनु पर्दछ । सामाजिक सुरक्षा भत्ता वितरणको लागि ५ वटा वडाहरुलाई प्रथम किस्ता रु ५२,०८,०००।०० वडा अध्यक्षहरुलाई पेश्की दिई वितरण गराएको छ ।स्थानीय नीति निर्माण र सेवा प्रवाहलाई बढी प्रभावकारी बनाउन, दैनिक प्रशासनिक काम कर्मचारीहरुद्धारा सञ्चालन गरी जनप्रतिनिधिहरु नीति निर्माण र अनुगमनतर्फ केन्द्रित हुनुपर्ने देखिएको छ ।	
३३.	**बहाल कर :** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कुनै सेवा भाडामा लिए वापतको भुक्तानीमा १० प्रतिशत वहालकर लिनुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न कामका प्रयोजनको लागि समयमा लिएका गाडी भाडा भुक्तानीमा देहाय अनुसारको बहाल कर कट्टि गरी दाखिला गरेको देखिएन । अतः कर रु ४५००.०० असूल गरी दाखिला गर्नुपर्दछ ।	४५००.००

क्र.सं	गो.भौ.र मिति	संबन्धित व्यक्ति	भुक्तानी रकम	लाग्ने कर
१	३०/०७४/७/१६	युवराज श्रेष्ठ	४०००.००	४००.००
२	१०५/०७४/९/२८		४०००.००	४००.००

३	१२७/०७४/१०/२५		४०००.००	४००.००
४	१५५/०७४/१०२५		४०००.००	४००.००
५	१२८/२०७४/१०/२८	पृथ्वी नारायण राई	१६०००.००	१६००.००
६	१२९/०७४/१०/१५	विनोद कुमार भणडारी	४०००.००	४००.००
७	१८८/२०७४/१२/८		९०००.००	९००.००
जम्मा				**४५००.००**

३४. **कट्टि कर :**आयकर ऐन, २०५८ को दफा ८७ र ८८ मा भुक्तानीमा अग्रिम कर कट्टि गरी राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको पूँजीगतबाट खर्च कट्टि गरी दायीत्व सृजना गरेको रु ५२९३८।०० राजश्व दाखिला गरेको नदेखिएकोले संघीय संचित कोषमा दाखिला हुनुपर्ने । — ५२९३८.००

३५. **टुक्रा खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु ५ लाखभन्दा बढी रु २० लाखसम्मको मालसामान खरिद शिलबन्दी दरभाउपत्रबाट गुर्नुपर्ने उल्लेख छ । शिलबन्दी दरभाउ पत्र आव्हान नगरी पटक पटक गरी रु ३३७५३१९.००को मालसामान सोझै खरिद गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु. — ३३७५३१९.००

क्र.सं.	विवरण	रकम
१	मेशिनरी औजारः कम्प्युटर ल्यापटप, प्रिन्टर, फोटोकपी मेशिन , टिभी, सिसि टिभी लगायतका सामानहरु	२६२७७४१.००
२	फर्निचरः कुर्शी, टेबल, खाट, दराज लगायतका सामानहरु	७४७५७८.००
जम्मा		**३३७५३१९.००**

३६. **बढी व्ययभार :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ अनुसार सरकारी खर्च गर्दा मितव्ययीता अपनाउनु पर्दछ । कार्यालयले २०७४।९।९ मो सब इन्जिनियर सेवा करारको विज्ञापन खर्च रु १२२०४०।०० र IT Officerसेवा करारको विज्ञापन खर्च रु ८५४२८।०० क्रमशः अन्नपूर्ण पोष्ट र राजधानी दैनिकलाई भुक्तानी गरेको देखियो । एकै प्रकृतिका विज्ञापन एक अर्को भन्दा रु ३६४१२।०० ले बढी हुन गएको छ भने दुबै विज्ञापन एकै पटक गरेको भए मितव्ययी हुने थियो । खर्चमा मितव्ययीता अपनाउन जरुरी छ ।

३७. **दोहोरो खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने कुरा उल्लेख छ । गा.पा.उपाध्यक्ष सीता दाहालले मिति २०७४।१०।९ देखि १५ गतेसम्म महिला हित समाजको कार्यक्रममा स्वकृत भ्रमण आदेश बमोजिमको भ्रमणमा रही सभापोखरी देखि खाँदबारीको ट्याक्सी भाडा रु ४००।०० सहित नियमानुसारको भ्रमण खर्च लिएको र मिति २०७४।१०।९ मा नै पुनः सभापोखरी–खाँदबारी–सभापोखरी कार्यालयको काममा गएको र फर्किएको भनि रु १२०००।०० ट्याक्सी चालकलाई दिएको भरपाई पेशगरी खर्च सोधभर्ना लिएको देखियो । अतः २०७४।१०।९ मा काठमाडौं हिडेको र सोही बमोजिम भ्रमण खर्च दाबी गरी सकेपछि पुनः उही दिनको सभापोखरी–खाँदबारी–सभापोखरी को गाडी भाडा वापत सोधभर्ना लिएको रकम दोहोरो देखिएकोले असूल हुनुपर्ने रु — १२०००.००

३८. **खर्च पुष्ट्याँइ नभएको :** पदाधिकारीहरुले जिल्ला बाहिर विभिन्न गोष्ठी कार्यक्रममा सहभागी भएको भनि दैनिक भ्रमण खर्च एवं गाडी रिजर्वको खर्च लिएको देखियो । गोष्ठी तथा कार्यक्रम भएको मिति र कार्यक्रममा सहभागिताको आमन्त्रण लिखित वा विद्यूतीय माध्यम स्रेस्ता साथ पेश नभएकोले उक्त खर्च नियमसम्मत नदेखिएको रु . — १४११००.००

गो.भौ.र मिति	पदाधिकारीको नाम	विवरण	रकम
२४२/०७५/३/८	अध्यक्ष श्री रत्न बहादुर सुब्बा	विभिन्न गोष्ठी	७०३००.००

२६४/०७५/३/१३	उपाध्यक्ष श्री सीता दाहाल	विभिन्न गोष्ठी	७०८००.००
जम्मा			**१४११००.००**

३९. **विल भुक्तानी :** विल भरपाईको भुक्तानी संबन्धितलाई नै हुनु पर्दछ । देहायका खर्चहरुको भुक्तानी फर्मलाई नदिई फर्मको विल पेश गरी कर्मचारीलाई सोधभर्ना दिएको देखियो । अत: भुक्तानी गर्दा सम्बन्धित फर्मलाई नै गर्नु पर्दछ ।

गो.भौ.	सोधभर्ना लिनेको नाम	विवरण	रकम
२८३,०७५/३/२५	वडा सचिव श्री हेमु पोर्तेल	धुपु होटलका विभिन्न विल	५९१५०.००
२८४,०७५/३/२५	वडा सचिव श्री प्रमित कुमार कर्ण	धुपु होटलका विभिन्न विल	५७६५०.००
२८७,०७५/३/२५	खरिदार श्री चन्द्र बहादुर गुरुङ	कर्मचारीहरुको दैनिक भत्ता	७८१५०.००
जम्मा			**१९४९५०.००**

४०. **पेश्की :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न अनुसारका व्यक्ति तथा निकायलाई योजना तथा कार्यक्रम सञ्चालन गर्न दिएको पेश्की फछ्र्यौट गरेको देखिएन । नियमाननुसार पेश्की अशुल फछ्र्यौट हुनुपर्ने देखिएको रु. ३४९०००.००

क्र.सं.	व.शी.न	पेश्की मिति	पेश्की लिनेको व्यक्ति/संस्थाको नाम	पेश्की रकम	पेश्की रकम कैफियत
१.	वित्तिय समानिकरण	२०७४/१०/२४	मजुवा विचगाउँ आपुङ विद्यालय जाने बाटो मर्मत उ.स. (मनराज राई)	१६०००.००	पूँजिगत
२.		२०७४/११/१४	शिवालय मन्दिर नि.उ.स. (अम्बिका अधिकारी)	३३०००.००	
३.		२०७४/१०/११	सभापोखरी बाल संजाल (सुनिल भट्टराई)	१०००००.००	चालु
४.		२०७५/१/३१	सभापोखरी महिला संजाल (राधा गौतम कार्की)	१६५०००.००	
५.		२०७५/१/३१	सभापोखरी युवा संजाल - मदन मादेन)	३५०००.००	
जम्मा				**३४९०००.००**	

४१. **वित्तीय जवाफदेहिता मूल्यांकन –** कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनको लागि अनुसूची ११ अनुसारको परीक्षण सूचीको आधारमा मूल्याँकनको कममा कार्यसम्पादनको व्यवस्थापकीय पक्ष, बित्तीय व्यवस्थापन पक्ष, सेवा प्रवाह र खरिद व्यवस्थापन र बिकास निर्माण गरी ४ मूलविषयमा केन्द्रित रही २० वटा सूचक प्रयोग गरी बित्तीय जवाफदेहिताको स्तर मुल्याँकन गरीएको छ । सो मुल्याँकनमा ५६ प्रतिशत अङ्कासाथ "C' (राम्रो) ग्रेडमा ग्रेडिङ्गदेखिएको छ । उक्त मूल्यांकनबाट पालिकाले दरबन्दी-पदपूर्ति, कार्यविवरण तथा जिम्मेवारी बाँडफाँड, अभिलेख व्यवस्थापन , कार्यक्रम तथा सेवाको अनुगमन, बित्तीय व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सेवा ग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह, तोकिएको मापदण्ड अनुरुप सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर सुधार जस्ता पक्षमा सुधार गर्नुपर्ने देखिएको छ ।

४२. **बेरुजू -** पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ५ लाख ९८ हजार, अनियमित बेरुजू रु ३८ लाख ६५ हजार, प्रमाण पेश गर्न पर्ने बेरुजू रु १९ लाख ३४ हजार र पेश्की बाँकी रु ३ लाख रु. ४९ हजार बेरुजू समेत रु ६७ लाख ४६ हजार बेरुजू कायम भएको छ । कार्यालयबाटप्रतिक्रिया प्राप्त भएको छैन ।

४३. **अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने

काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजूरु. ४ लाख ५० हजार फछ्र्यौट गरी बाँकी गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :

(रु.हजारमा)

गत वर्षको बेरुजू रकम (A)	यो वर्ष फछ्र्यौट (B)	बाँकी (C= A-B)
८९८०	४५०	८५३०

४४. **अद्यावधिक बेरुजू स्थिति :** पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

(रु.हजारमा)

गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (C)	यो वर्षको सं प.बाट कायम बेरुजू(D)	यो वर्षको कायम बेरुजू(E)	बाँकी (F=C+D+E)
८५३०	०	६७४६	१५२७६

अनुसूची– १

सभापोखरी गाउंपालिकाको यो वर्षको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७४।७५

(रु.हजारमा)

सि.नं.	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजू			प्रतिक्रियाबाट फछ्र्यौ)ट			बाङ्की बेरुजू			वाङ्की बेरुजू								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैदान्तिक	लगती		सैदान्तिक	लगती		सैदान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजश्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१.	संखुवासभा	सभापोखरी गाउपालिका	३२	१३	६७४६	०	०	०	३२	१३	६७४६	५९८	३८६५	१९३४	०	०	६३९७	०	३४९	३४९
२.																				
३.																				

अनुसूची- २

स्थानीय तह सञ्चित कोष विवरण

२०७४।७५

(रु.हजारमा)

क्र. सं.	स्थानीय तह	जिल्ला	आय				जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	समानीकरण अनुदान	सशर्त तथा अन्य बजेट अनुदान	अन्य आय		चालु खर्च	पूंजीगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५ (२+३+४)	६	७	८	९ (६+७+८)	१० (१+५-९)
१.	सभापोखरीगाउपालिका	संखुवासभा	५६३५	१२३६९०	७६७५१	१३६३	२०१८०४	८९४०८	६१०४२	०	१५०४४३	५६९९६
२.												